नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

## प्रेस विज्ञप्ति

मिति २०८१ आश्विन १० गते देखि देशका अधिकांश स्थानमा परेको अविरल वर्षाका कारण बाढी पहिरो र डुबानका घटनाहरुबाट हालसम्म ६६ जनाको मृत्यु, ६९ जना बेपत्ता र ६० जना घाईते भएका छन। त्यसैगरी सडक, पुल, सार्वजनिक सम्पति र व्यक्तिका निजी घर तथा आवासहरुमा क्षति पुगेको छ। विपद्को यस दुःखद घडीमा गृह मन्त्रालय मृतकहरुप्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्दै घाईतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ। प्रतिकूल मौसमका कारण हेलिकप्टरमार्फत उद्धार गर्ने कार्यमा भएको कठिनाईका बावजुद काठमाण्डौ उपत्यका तथा देशका विभिन्न स्थानबाट नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालका जनशक्ति, स्थानीय स्वयंसेवक तथा गैरसरकारी संस्था समेतको सहयोगमा जोखिममा रहेका मानिसहरुको उद्धार कार्य भइरहेको छ।

जल तथा मौसम विज्ञान विभागले आश्विन १० गतेदेखि आश्विन १३ गतेसम्म चार दिन भारी एवम् अति भारी मनसुनी वर्षा हुने पूर्वानुमान गरे अनुसार गृह मन्त्रालय, मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य कमाण्ड पोष्टको निर्णयबाट राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण मार्फत आश्विन १० गते आम सर्वसाधारणलाई सतर्क रहन, अति जरूरी अवस्थामा मात्र यात्रा गर्न, खोज तथा उद्धार र प्रतिकार्यको लागि सुरक्षा निकाय एवम् स्वयंसेवकहरुलाई तयारी अवस्थामा रहन सूचित गरेको छ। साथै सम्भावित सडक दुर्घटनालाई न्यूनीकरण गर्न आश्विन ११ गतेदेखि सडकको अवस्था सहज नभएसम्म काठमाण्डौ उपत्यकाबाट बाहिरिने रात्रीकालीन सवारी साधनलाई रोक लगाईएको छ भने विभिन्न सडकखण्डहरुको अवस्था अद्यावधिक गरी जानकारी गराउनुका साथै स्थानीय प्रशासनबाट मौसमको अवस्थालाई मध्यनजर गरी अत्यावश्यक अवस्थामा मात्र यात्रा गर्न अनुरोध समेत गरिएको छ।

आज बिहान माननीय गृहमन्त्रीज्यूको उपस्थितिमा विपद् पूर्वतयारी तथा प्रतिकार्य कमाण्ड पोष्टको वैठक बसी आश्विन १० गते यता विपद्को घटनाबाट भएको क्षतिको समीक्षा गर्दै प्रभावितहरुको खोज तथा उद्धार र राहतमा सबै सुरक्षा निकायहरु समन्वयात्मक रुपमा परिचालित हुन, खोज तथा उद्धारमा नेपाली सेनाको हेलिकप्टर लगायत केन्द्र, प्रदेश, जिल्ला र स्थानीयस्तरमा उपलब्ध सबै उपकरण र साधन प्रयोग गर्न, अवरुद्ध सडक अविलम्ब सञ्चालनमा ल्याउन, घाईतेहरुको निशुल्क

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

उपचारको व्यवस्था मिलाउन र प्रभावितहरुको पुनर्स्थापनाका लागि योजना बनाई कार्यान्वयन गर्न निर्देशन गरिएको छ। केन्द्रीय सुरक्षा समितिको वैठक बसी माननीय गृहमन्त्रीज्यूबाट विपद्मा परेकाहरुको तत्काल खोज तथा उद्धार गर्न र राहत कार्यमा उच्च प्राथमिकताका साथ परिचालन हुन सबै सुरक्षा निकायहरुलाई निर्देशन भएको छ।

जल तथा मौसम विभागले आश्विन १३ गतेसम्म देशका विभिन्न स्थानमा भारी वर्षा हुने पूर्वानुमान गरेको हुनाले सबैलाई सतर्कता अपनाउन, जोखिमयुक्त अवस्थामा रहेकालाई सुरक्षित स्थानमा जान, सम्भावित जोखिममा रहेका मानिसहरुलाई सुरक्षित स्थानमा स्थानान्तरणका लागि सहयोग र समन्वय गर्न, विपद्को घटना घटेमा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद व्यवस्थापन समिति वा नजिकको सुरक्षा निकायलाई तत्काल जानकारी गराउन अनुरोध छ।

मितिः २०८१/६/१२ गते साँझ ६ बजे
ने.सं. ११४४

ऋषिराम तिवारी
सहसचिव/प्रवक्ता